# एम्नेस्टी इन्टरनेसनल नेपाल
## युथ नेटवर्कबाट नेसनल बोर्ड सदस्य निर्वाचन गर्ने कार्यविधि

जारी मिति : २०७३ वैशाख २६
पहिलो संशोधन मिति : २०७४ माघ १९

एम्नेस्टी इन्टरनेसनल नेपालको नेसनल बोर्ड सदस्यमा ए.आई. नेपालमा आवद्ध युथ नेटवर्कका सदस्यहरु मध्येबाट ए.आई. नेपालको विधान २०५८ को दफा १० को उपदफा १०.१ (ख) को (२) बमोजिम २ जना (कम्तिमा एकजना महिला) को निर्वाचनका लागि राष्टिय कार्यसमितिको २०७३ वैशाख २५ र २६ को बैठकबाट पारीत भई सोही मितिबाट लागू गरिएको कार्यविधि ।

१. निर्वाचन समिति

युवा नेसनल बोर्ड सदस्यको निर्वाचनका लागि नेसनल बोर्डले निम्नानुसार एक निर्वाचन समिति गठन गर्नेछ :

(क) नेसनल बोर्डका प्रतिनिधि – २ जना
(ख) राष्ट्रिय सचिवालयका प्रतिनिधि – १ जना

२. निर्वाचन प्रक्रिया

(क) निर्वाचन समितिले ए.आई. नेपाल शाखाको राष्ट्रिय परिषद बैठक हुनु भन्दा ३ महिना अगाडि उम्मेदवारी फाराम ए.आई. नेपालको युथ नेटवर्कको मान्यता रहिरहन तोकिएका न्यूनतम आधार र प्रक्रिया पूरा गरेका सबै ए.आई. नेपालमा आवद्ध युथ नेटवर्कहरूलाई प्रेषित गर्नेछ ।

(ख) उम्मेदवारीको फाराम दर्ता गर्ने म्याद फाराम प्रेषित गरिएको मितिले १५ दिन दिइनेछ । इच्छुक युथ नेटवर्क सदस्यले फाराम भरी दर्ता गराउन सक्नेछन् । उम्मेदवारी मनोनयन फाराम साथ हरेक उम्मेदवारले बढीमा एक पेजको आफ्नो व्यक्तिगत प्रोफाइल अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ । उम्मेदवार सम्बन्धित युथ नेटवर्कको सदस्य रहेको हुनुपर्नेछ र यसरी उम्मेदवारी दर्ता गर्नेको उमेर १७ वर्षदेखि २३ वर्षसम्मको हुनु पर्नेछ । उम्मेदवारी दिने क्रममा जन्म मिति खुल्ने नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।

(ग) निर्वाचन समितिले प्राप्त सबै फारमहरूको अध्ययन गरी नेसनल बोर्ड सदस्य हुनका लागि निम्नानुसार योग्यता पुगेका आवेदकहरूमध्ये सर्टलिस्टिङग गरी अन्तर्वार्तामा उच्च अङ्क प्राप्त गर्ने बढीमा ७ जना (कम्तिमा ५० प्रतिशत महिला) लाई नेसनल बोर्ड सदस्य पदमा प्रतिस्पर्धाका लागि छनोट गर्नेछ :

- नेपालको मानवअधिकारको अवस्थाको बारेमा जानकारी
- युवा अभियानको नेतृत्व गर्दै निर्वाह गरेको भूमिका र अनुभव
- समन्वय र सञ्चारसम्बन्धी क्षमता
- प्रोजेक्ट व्यवस्थापन र संस्था सञ्चालनका प्रक्रिया सम्बन्धमा दक्षता

(घ) यस कार्यविधिको २ (ग) अनुसारको निर्वाचन प्रकृयाबाट सबैभन्दा बढी मत प्राप्त गर्ने एक जना महिला सहित दुई जना उम्मेदवार नेसनल बोर्ड सदस्यमा निर्वाचित हुनेछन् ।

(ङ) ए.आई. नेपालको युथ नेटवर्कको मान्यता कायम रहिरहनका लागि आवश्यक आधार र प्रक्रिया पूरा गरेका एवं ए.आई. नेपालको राष्ट्रिय परिषद् बैठक हुने मितिका हिसाबले दुई महिना अगाडिको मितिसम्म आफ्नो वार्षिक साधारणसभा सम्पन्न गरेको युथ नेटवर्कहरूलाई मताधिकार रहनेछ ।

(च) कार्यविधिको २ (ग) अनुसार नेसनल बोर्ड निर्वाचनका लागि अन्तर्वार्ताबाट छनोट भएका उम्मेदवारहरूको व्यक्तिगत प्रोफाइल निर्वाचन हुने मितिभन्दा कम्तिमा १५ दिन अगावै निर्वाचन समितिले ए.आई. नेपालका युथ नेटवर्कहरूमध्ये यस कार्यविधिको २ (ङ) अनुसारका मताधिकार प्राप्त युथ नेटवर्कहरुमा प्रेषित गर्नेछ ।

(छ) मताधिकार प्राप्त हरेक युथ नेटवर्कले कम्तिमा एकजना महिला सहित कुल २ जना उम्मेदवारलाई भोट दिनु पर्नेछ र हरेक युथ नेटवर्कलाई खुला र महिला उम्मेदवार चयनका लागि अलग अलग मतपत्र प्रदान गरिनेछ ।

(ञ) यस कार्यविधिमा तोकिएको भन्दा फरक परिस्थिति र विषयमा कुनै निर्णय गर्न परेमा निर्वाचन समितिले गर्नेछ । तर त्यस्तो निर्णय ए.आई. नेपालको विधान, नियमावली र निर्देशिकाको प्रतिकुल हुने गरी गरिने छैन ।